# औरही नगरपालिकाको नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८

# को
# नीति तथा कार्यक्रम

**नगरसभाका सदस्य ज्यूहरु,**

औरही नगरपालीकाको यस गरिमामय संसदको बैठकमा नगर प्रमुखको रुपमा विद्यमान् विषम परिस्थितिका वीच आगामी आ.व. २०७७/२०७८ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवाम्भित महशुस गरेको छु । यस घडिमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति स्थापना गर्नका लागि विभिन्न समयमा जिवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु तथा यस व्यवस्थामा योगदान पुर्‍याउने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

विश्वव्यापि माहामारीको रुपमा फैलिएको कोरोना भाईरस रोगका कारण विश्वले यतिवेला एकैपटक मानविय र आर्थिक संकट समना गर्नू परेको छ । स्वास्थ्य संकटबाट उत्पादन, व्यापार तथा लगानिसम्मको सबै क्षेत्र प्रभावित भई अर्थतन्त्रका प्रमुख क्षेत्रमा समेत गम्भीर प्रभाव पर्न थालेको छ ।

मैले वर्तमान सरकारको तेस्रो वजेट प्रस्तुत गरिरहदाँ कोरोनाबाट नागरिकको जिबन रक्षा गर्ने गहन जिम्मेवारी बोध गरेको छु । शताब्दीकै यस विषम परिस्थितीमा सबै राजनितिक दल, जनप्रतिनिधि, सघं संस्था, नागरिक समाज, बौद्धिक जगत र आम नागरिकको सहयोग तथा ऐक्यवद्धताले वर्तमान चूनौतिको सामाना गर्न सकिन्छ भन्नेमा औरही सरकार पूर्ण विश्वस्त छ ।

औरही नगरपालीकाको तिव्र आर्थिक, सामाजिक विकास गरि समृद्द र सुखी औरही नगरवासी वनाउनु हाम्रो प्रमुख नीति रहनेछ । स्थानिय तहले कार्यन्वयन गर्ने गरि संविधानले नै सुनिश्चित गरेको आधिकारलाई जनताकै इच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै कृषि, शिक्षा,पर्यटन, स्वास्थ्य, सन्चार र पूर्वाधार , औरही नगरपालिकाको समृद्दिको मूल आधार भन्ने दिर्धकालिन सोचको साथ सभ्य, सुन्दर र समृद्द औरही नगर निर्माणको लागि छैटौ नगरसभामा यस नगरपालीकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

यस वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय सरकारको योजना तथा वजेट तर्जुमा दिर्दशन, नेपाल सरकारबाट विभिन्न समयमा जारि गरिएका नीति, निर्देशन, मार्गदर्शन, नेपाल सरकारले प्रतिबद्धता व्यक्त गरेका दिगो विकासका लक्ष्यहरु, यस औरही नगरपालिका बाट जारि भएका विभिन्न ऐन, नियमावली, आचारसंहिता, कार्यविधिभित्र रहि श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, राजश्व परामर्श सिमिती , वजेट तथा कार्यक्रम तर्जुमा समिति,विभिन्न विषयगत समितिहरुका वैठकका निर्णय, नगरकार्यपालिका विभिन्न मितिमा भएका निर्णय र नगरकार्यपालिकाको मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान, प्रचलित ऐन कानूनको अनुसरण गर्दै टोल बस्तीस्तरबाट छनौट भै वडा समितिबाट प्राथमिकिकरण गरेर ल्याइएका कार्यक्रमहरु समेत मध्यनजर गर्दै यस औरही न.पा. को आ.व. २०७७/२०७८ को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

**<u>औरही नगरपालिकाको संक्षिप्त परिचय,</u>**

औरही नगरपालिका महोत्तरी जिल्लाको श्रीपुर, सोनामाई र औरही गा.वि.स गरी साविकका ३ वटा गाविसहरु र साविक खोपि गा.वि.स को करिव आधा भाग समावेश गरि २०७३ फाल्गुन २७ गते तदनुसार ०९ मार्च २०१७ मा नेपाल सरकारद्धारा गाउँपालिका घोषण गरिएको थियो र २०७४ साल भाद्र १ गते नगरपालिकामा स्तरोन्नती भएको थियो । २०६८ को जनगणना अनुसार यहाँको कुल जनसंख्या ३१,५०० छ । यसको क्षेत्रफल ३५.०८ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको उत्तरमा वर्दिवास नगरपालिका, पुर्वमा भँगाहा नगरपालिका, पश्चिममा गौशला नगरपालिका र सोनमा गाँउपालिमा तथा दक्षिण तर्फ रामगोपालपूर नगरपालिमा रहेका छन ।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म यस नगरपालिकाको दिर्घकालिन सोच तथा आगामी आर्थिक वर्ष २०७७/२०७८ को वजेटका उदेश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

क) दिर्घकालिन सोच "कृषि, शिक्षा, स्वास्थ्य, पुर्वाधार र सञ्चार ,औरही नगरपालीकाको समृद्धिको मूल आधार " रहने छ।

ख)वजेटका उद्धेश्यहरु

१) कोरोना भाईरसको संक्रमण तथा यस विपद् बाट औरही बासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

२)सामाजिक , आर्थिक र भौतिक पुर्वाधार विकास मार्फत समुन्नत, स्वाधिन ,समृद्ध नमुना औरही नगर निमार्ण गर्ने।

**वजेटका उद्धेश्य हासील गर्नका निमित्त देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरीएको छ।**

- कोरोना लागाएका सवै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरिय स्वास्थ्य सेवा सर्वसुलभ वनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार स्तरोन्नती तथा स्वास्थ्य जनशक्ति विकास तथा परीचालन गर्ने ,
- कोरोना भाइरस सक्रमणका कारण कृषि, उद्योग,शिक्षा, निर्माण, पर्यटन, लगाएत प्रभावित व्यवसायको पुनरुत्थान गर्ने ,
- नागरिकका लागि काम र रोजारीका अवसर, खाद्य सुरक्षा, सामाजिक सुरक्षा र संरक्षण गर्ने,
- सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास र निर्माण गर्ने ,
- सघिंयता कार्यन्वयन,गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शि शासन व्यवस्थाका सुदृणीकरण गर्ने।

नगरसभाका सदस्य ज्यूहरु,

उल्लेखित दिर्घकालिन सोच, लक्ष्य तथा उद्धेश्य र प्राथमिकता अनुरुप यस नगरपालीकाको आ.व. २०७७/२०७८ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु।

**क) आर्थिक विकास** : आर्थिक विकासको क्षेत्रमा सुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तरता दिने नीति अवलम्वन गरिने छ।

**<u>१) कृषि तथा पशुपन्छी</u>**

**आर्थिक समृद्धिको पहीलो आधार कृषि** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायिकरण, औद्योगिकिकरण,विविधिकरण,आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकमरणलाई विशेष जोड दिदैं सामुहिक खेती प्रणालि, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ।

- कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गरिने छ।
- प्रत्येक वडामा कृषि उत्पादन वृद्धि गर्नका लागि न.पा. ले माटो शिविर सञ्चालन गरिने छ।
- सबैमा बाली रहने कृषि भूमि खाली भन्ने नीति अनुसार नगर क्षेत्र भित्र पर्ने कृषियोग्य भूमिको पहिचान तथा वर्गिकरण गरि व्यवस्थित गरिने छ।
- कृषि बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, प्रविधि तालिम मार्फत प्राविधिक टेवा, कृषि सामाग्रीको आपूति र कृषक क्षमता विकास कार्याक्रम सञ्चालन गरिने छ।
- कृषि मेलाको आयोजना, उत्कृष्ट किसान पुरस्कार तथा सम्मान गरि कृषि उत्पादन बढावा दिन प्रोत्साहन दिइने छ।
- कृषि पेशामा युवालाई आकर्षण वृद्धि गर्न युवा स्वरोजगार लक्षित कायक्रम सञ्चालन गरिने छ।
- नगर बासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजार बाट नै खरिद गरि उपभाग गर्न प्रोत्साहन गर्ने नीति लिइने छ।
- कृषकको उत्पादनलाई सुरक्षित बजारसम्म पुग्ने पहुँच स्थापित गर्न जिल्ला कृषि सहकारी संघ र उद्योग वाणिज्य संघ सँग आवश्यक सहकार्यको नीति लिइने छ।
- यस नगर पालिकाले कृषि उत्पादनलाई भण्डारणको व्यवस्थापन गर्न नेपाल सरकार र प्रदेश नं.२ को सहकार्यमा कोल्ड स्टोर निर्माण गरि सञ्चालन र व्यवस्थापन गर्न विशेष पहल गरिने छ।
- वैदेशिक रोजगारमा फर्केका र फर्कन सक्ने युवाको लगत संकलन गरि उनीहरुलाई कृषि क्षेत्रमा परिचालन गर्न **फर्क युवा कृषि भूमिमा** कार्याक्रम सञ्चालन गरिने छ।

- नगरभित्र कम्तिमा २ वटा कृषि सुचना केन्द्र, कृषि पाठशाला तथा १ वडा १ उत्पादन प्याकेट क्षेत्र कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न विशेष पहल गरिने छ।
- तरकारी उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाइने छ।
- औरही न. पा. लाई माछा उत्पादन प्याकेट क्षेत्रको रुपमा विकास गरिने छ।
- दुध, फुल, मासु र बजार व्यवस्थापनलाई उच्च प्राथामिकता दिइने छ।
- कृषि उत्पादन क्षेत्रसम्मको सहज पहँच स्थापित गर्नको लागि कृषि सडक निर्माण कार्यलाई उच्च प्राथामिकतामा राखिने छ।
- नगदे बाली, तरकारी खेती, फलफुल नसरी, माछा, आँप खेतीलाई व्यावसायिक रुपमा विकास गर्न विशेष प्याकेज कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।
- भूगोल र हावापानी अनुकुल कृषि प्रणाली लागु गरिने तथा कृषि मल विउ विजन र कृषकको लागि तालिमको उचित व्यवस्था मिलाइने छ।
- कृषि क्षेत्रको समग्र विकास गरि समृद्ध औरही नगर निर्माण गर्न **कृषि व्यवसाय प्रवर्धन ऐन** निर्माण गरि कार्यान्वयनमा ल्याइने छ।
- कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन **समृद्ध औरही सिचाई विशेष कार्यक्रम** सञ्चालन गरिने छ।
- कृषकलाई व्यावसायिक पशुपंक्षी पालनमा आकर्षित गर्न **गोठ सुधार कार्यक्रमलाई प्रोत्साहन, घाँस खेती, बृहत चरि चरन क्षेत्र विकास र गुणस्तरिय पशु स्वास्थ्य सेवाको विस्तार** गरिने नीति लिइने छ।
- ठुला पशुहरुको रोग पहिचान, उपचार र नियन्त्रण गर्न विशेष जोड दिइने छ।
- पशु पंक्षी व्यवसायलाई विविधिकरण गर्दै आयमुलक पेशाको रुपमा स्थापित गर्न उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।
- पशु पंक्षी पालनमा किसानलाई पशु बिमा गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।
- व्यावसायिक पशु पंक्षी फार्महरु वातावरण तथा प्रविधि मैत्री बनाउन मापदण्ड बनाई लागु गरिने छ।
- पशु नश्ल सुधारका लागि कृत्रिम गर्वाधान कार्यक्रम तथा पशु आहाराका लागि घाँस खेती कार्याक्रम सञ्चालन गरिने छ।
- कृषक तथा पुश स्वास्थ सेवा प्राविधिकको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।
- नगरभित्र पशु पंक्षी फार्म, मासु पसल, एग्रोभेट दर्ता गरि नियमन गरिने छ।
- **प्रत्येक वडामा कम्तिमा एउटा कृषि सहकारी र हरेक नगरमा कृषक समुह निर्माण गरि कृषि पेशालाई सम्मानित, मर्यादित, आत्मनिर्भर बनाउन एक गाउँ एक नमुना कृषि उत्पादन योजनालाई विशेष जोड दिइने छ।**

## २) सहकारी

- गाउँ शहरमा सहकारी, घर घरमा भकारी भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, नीजि र सहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा विशेष जोड दिइने छ।
- कृषि उत्पादन र बजारीकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।
- सहकारीको माध्यमबाट गरिब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका बीच साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकीकृत गर्दै सामुहिक खेती, तरकारी, बीउ बिजन, फुल, र अन्य कृषि उपजको बजार व्यवस्थापन गरिनेछ।
- सहकारी क्षेत्रको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम समन्यात्मक रुपमा सञ्चालन गरिनेछ।
- सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग सञ्चालनमा प्राथामिकता दिइने छ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यावसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी ऐन तत्काल जारी गरी कार्यान्वयनमा ल्याइनेछ।
- समस्याग्रस्त्र सहकारीहरुको पहिचान गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न नगरपालिकाबाट अनुगमन गर्ने र प्रतिवेदन लिने प्रणालीलाई सशक्त बनाइनेछ।
- कोभिड १९ का कारण समस्यामा परेका सहकारीको पुनरजीवन, उत्थान र सञ्चालनका लागि विशेष कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछ।

**३) उद्योग तथा वाणिज्य**

- नगरलाई आर्थिक रुपले आर्त्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरु अवलम्बन गर्नुका साथै उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ ।
- औद्योगिक करिडोर कायम गरि ठूला, मझौला र साना उद्योगहरु सञ्चालन गर्नका लागि उद्योग विकासको सम्भाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गरिने छ ।
- गरिबीको रेखामुनी रहेको पूर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशीलताको विकास गराई उद्यमी बनाइने छ ।
- नयाँ उद्योगहरु स्थापना गर्न स्थापना गर्न लगानी मैत्री वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।
- कोभिड १९ का स्वदेश फर्केका वा फर्कन सक्ने युवाहरुको संख्यालाई मध्यनजर गर्दै स्थानीय स्तरमा युवाहरुलाई उद्यमशील तालिमको व्यवस्था गरि युवालाई स्वाभलम्बी तथा उद्यमशील बनाउने नीति लिइने छ ।
- स्थापना हुने र सञ्चालनमा रहेका उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन गरी औद्योगिक अनुशासन कायम राखिनेछ ।
- उपभोक्ता हित संरक्षण गरिने छ ।
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

**४ रोजगार प्रर्बद्धन तथा गरिबी न्यूनीकरण**

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धानलाई वैज्ञानिक बनाउदै लिइने छ ।
- गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा गरी रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- गरिब घर पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन कार्य अघि बढाइनेछ ।
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
- रोजगार तथा बरोजगारको तथ्याङक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यस्थापन गरी आय आर्जनको अवसर प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेखन गरी वास्तविक सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत स्थानीय युवाहरुलाई विभिन्न विकासका क्षेत्रमा परिचालन गर्दै थप रोजगारी सिर्जना गरिने कुरालाई थप व्यवस्थित रुपमा निरन्तरता दिइनेछ ।

**५) पर्यटन प्रर्बद्धन**

- सुन्दर औरही, समृद्ध औरही भन्ने मुल नाराका साथ पर्यटन प्रबर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरि पर्यटन गुरु योजना तयार गरिने छ । कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निमार्ण लगातयतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ ।
- सोनामाईस्थान मन्दिर, महादेव मन्दिर अग्लेश्वरा र ब्रम्हस्थान मन्दिरको भौतिक पूर्वाधार व्यवस्थित गरी धार्मिक पर्यटन प्रबर्द्धन गरिनेछ ।
- सार्वजनिक ठूला पोखरीलाई आन्तरिक पर्यटनलाई सहयोग हुनेगरी निर्माण तथा सुधार गरिनेछ ।
- आन्तरिक पर्यटनको प्रबर्द्धन गर्नका निमित्त कोभिड १९ को अन्त्य पश्चात नगरपालिकाले बजेटमा उल्लेखित भए अनुसार देश दर्शन अभियानलाई सफल पार्न आवश्यक समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।

**६) खानी तथा खनिज**

- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङक संकलन, अभिलेख तथा व्यवस्थापनको कार्य प्रारम्भ गरिने छ ।
- जथाभाबी अनियन्त्रित रुपमा भइरहेको ढङगा गिट्टी, बालुवा, माटो उत्खननलाई यथाशिघ्र रोकिने छ ।

- ढुङगा, गिट्टी,माटो, खरी ढुङगा आदि खनिजजन्य वस्तुको सवेक्षण, अन्वेशण गरी सोको संरक्षण, विकास, उपयोगसम्बन्धी दर्ता अनुगमन, नवीकरण, खारेजी र व्यवस्थापनका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन दारी गरी कार्यान्वयनमा ल्याइने छ ।

**ख) सामाजिक विकास** : सामाजिक विकासका क्षेत्रमा शुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तता दिई सम्पन्न गर्ने नीति अवलम्वन गरिनेछ ।

*१) स्वास्थ्य*

- स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सवै नगरवासीमा समान पहुँच पुर्याउने नीति अवलम्वन गरिने छ।
- कोरोना महामारी तथा अन्य संक्रामक रोगबाट सिर्जना हुन सक्ने स्वास्थ्य जोखिमको न्यूनिकरण गर्न आवश्यक नीति अवलम्वन गरिने छ ।
- कोरोना संक्रमणलाई थप विस्तार हुन नदिन आवश्यकता अनुसार क्वारेन्टाइन सेवा व्यवस्थित, भरपर्दो उपचार पद्धति तथा नागरिकमा उत्पन्न मनोवैज्ञानि त्रासको न्युनिकरण गर्न आवश्यक नीति लिईनेछ ।
- स्वास्थ्य सेवा अतिरिक्त सन्तुलित आहारा, शारिरीक व्यायाम, सरसफाई सहितको स्वथ्य जिवनशैलि अवलम्वन गरि **"निरोगी औरही निर्माण अभियान"** अघि बढाईने छ ।
- सवै स्वाथ्य चौकिहरुमा निशुल्क औषधिको व्यवस्था मिलाईने छ र यसलाई क्रमश बढाउदै लगीने छ ।
- नगरपालीकामा एम्वुलेन्स नरहेकोमा चालु आ.व.मा कम्तीमा १ एम्वुलेन्स खरिद गरि संचालनमा ल्याईने छ ।
- स्वाथ्य विमा कार्यक्रमलाई नेपाल सरकारको घोषण अनुसार सवै जनतामा पुर्याउन सचेतना वा जागरण कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक निजि साझेदारिवाट अस्पतालहरु निमार्ण तथा सञ्चालन गरिने कार्यलाई उच्च प्राथमिकता मा राखिने छ ।
- एक वडा एक स्वाथ्य केन्द्र स्थापनाको कार्यलाई क्रमश अगाडी बढाईने छ ।
- आगामि ३ वर्ष भित्र कम्तीमा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र २५ शैयाको सुविधा सम्पन्न अस्पताल वनाउन आवश्यक पहल गरिने छ ।
- सवै स्वाथ्य चौकी र अस्पताललाई विरामि मैत्रि वनाईने छ ।
- सवै स्वास्थ चौकीमा भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहित गुणस्तरीय स्वास्थ्य सेवा दिईने छ साथै सवै स्वास्थ्य चौकीहरुमा क्रमश बर्थिङ्ग सेन्टर स्थापना गर्ने नीतिलाई निरन्तता दिईनेछ ।
- मलेरीया,डेङ्गु, भूसुना तथा लामखेट्टे नियन्त्रणका लागि आवश्यक औषधिको प्रवन्ध मिलाइने छ । यस्ता क्षेत्र छनौटको पहल वडा मार्फत तथा सो कार्यलयको सिफारिसमा हुने छ ।
- जनस्वाथ्य प्रवर्धन शाखाको सिफारिमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनिकरणका लागि औषधि एवम् जनशक्ति व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।
- विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वाथ्य शिविर समय समयमा संचालन गरिदै लगिने छ ।
- स्वाथ्य कर्मीको क्षमता विकास कार्यक्रमहरु आवश्यकता अनुसार संञ्चालन गरिने छ ।
- स्वास्थ्य स्वयं सेविकालाई यस नगरपालिको आर्थिक क्षमता पुनरुत्थान भएपछि उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।

**२) शिक्षा ः**

- **"दक्ष जनशक्ति ,गुणस्तरिय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा व्यापक सुधार गर्न "मेयर शैक्षिक सुधार कार्यक्रम" अगाडि वढाईने छ ।
- कोरोना भाईरसको बन्दाबन्दीको कारण शैक्षिक क्षेत्रमा देखिएको असहजता लाई न्यूनिकरण गर्न आवश्यक पहल गरिने छ ।
- कोभिड १९ को संक्रमण नियन्त्रण भन्दा बाहिर गएमा विद्याँथिहरुको शैक्षिकसत्र मिलान गर्ने गरि अनलाइन तथा रेडियो माध्यमबाट शैक्षिक गतिविधि संचालन गरिने छ ।

- नगरशिक्षा विकासका लागि सामुदायीक र सस्थागत विद्यालयका विचमा **शिक्षा गुणस्तरीयता र पहुँचमा समानता** स्थापित गरि **विभेदपूर्ण शिक्षा प्रणाली अत्न्य गर्न सहकार्य** को कार्यक्रम संचालन गरिने छ ।
- नेपाल सरकारले वालवालिकाका लागि निशल्क खाजा कार्यक्रम उपलब्ध गराएकोमा यस नगरपालिका बाट लागत साझेदारि गरि अझ प्रभावकारि तथा व्यवस्थीत वनाउने नीति लिइने छ ।
- जनप्रतिनिहरुवाट विद्यालय व्यवस्थापन समितिको नेतृत्व गर्ने परिपाटिलाई आगामि वर्षहरुमा अझ वढी शसत्त , सुदृढ र प्रभावकारि वनाउने नीति लिइने छ ।
- नगर क्षेत्रका युवाहरुलाई लक्षित गरी स्वरोजगार, आत्मनिर्भर,स्वावलम्वी र चरित्रवान वनाउन युवा उद्यमी प्रोत्साहान कार्यक्रम संचालन गरिने छ ।
- प्रत्येक नागरिकलाई संविधान द्वारा प्रद्धत्त आधारभूत शिक्षामा पहुँच, अनिवार्य ,निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क उपलव्ध गराइने छ ।
- अपाङ्ग, आर्थिक रुपले विपन्न, असहाय, हरुवा चरुवा, द्वन्दपिडित वालवालिका तथा जेहेन्दार विद्यार्थिहरुलाई शैक्षिक सहयोग गर्ने हेतुले नगर प्रमुख शैक्षिक छात्रवृति प्रदान गरि पढन् पाउने हक सुनिश्चित गरिने छ ।
- **शिक्षा** क्षेत्रका क्रियाकलापलाई व्यवस्थीत गर्न शैक्षिक क्यालेन्डर प्रकाशन गरि लागू गरिने छ ।
- **वा**ल विकास केन्द्र संञ्चालन गर्न बालविकासको अवधारण अनुरुप आवश्यक व्यवस्था मिलाई संञ्चालन गरिने छ ।
- सामुदायिक आधारभूत र माध्यमिक विद्यालयका गुणस्तरीय शिक्षाका लागि उच्च प्राथमिकताका साथ अगाडि वढाईने छ । विद्यालयको भौतिक पूर्वाधारहरु वाल,अपाङ्ग तथा वातावरण मैत्रि वनाईने छ ।
- विद्यालय सुशासन, पारर्दिता र जवाफदेहिता अभिवृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित वनाइने नीति अवलम्वन गरिने छ ।
- नगरक्षेत्र भित्रका विद्यायहरुवाट सर्वोत्कृष्ट १ जना विद्यार्थिलाइ र सवोत्कृष्ट १ जना शिक्षकलाई **नगरप्रमुख सम्मान कार्यक्रम** बाट सम्मानित गरिने छ ।
- शिक्षा क्षेत्रको सुधारको लागि **नगरशिक्षा नीति, नगर** क्षेत्रमा सँचालन गरिएका सवै विद्यालयलाई आधार वनाएर **नगर शिक्षा प्रोफाइल** बनाइने र शैक्षिक गुणस्तर अभिद्धि गर्न नगर शिक्षा गरुयोजना तयार गरि कार्यान्वयनमा ल्याइने छ ।
- निजि विद्यालय शुल्क निर्धारण नेपाल सरकारको मापदण्ड भित्र रहेर गर्न एवं तोकीएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँ दर्ता वा कक्षा स्तरोन्नतीको स्विकृत दिइने छ ।
- निजि विद्यालयले अनिर्वारुपमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भित्र रहि अनिर्वाय छात्रवृतिको व्यवस्था गरिने छ ।
- **नगर** क्षेत्रमा विद्यालयहरु विच **नगरप्रमुख खेलकुद प्रतियोगीतालाई** आगामी आ.व मा थप व्यवस्थीत रुपमा संचालनलाई निरन्तरता दिइने छ ।
- महिनावारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अत्य गरि विद्यालयमा नै छात्रा मैत्रि सौचालय एवं निशुल्क सेनिटरि प्याडको व्यवस्था गरिनुका साथै विद्यालयमा स्वच्छ खानेपानी र सावुन पानीले हात धुने व्यवस्था लागु गरिने छ ।

**३)खानेपानी र सरसफाई :**

- **भरपर्दो जलाधार युक्त पूर्वधार, स्वच्छ खानेपानी पहुँचमा हाम्रो अधिकार** भन्ने मुल नारालाई आत्मसाथको नीति अवलम्लन गरिने छ ।
- **आगामि** ५ वर्ष भित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालिन तथा दिर्घकालिन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- भूमिगत जलको उपयोग गरि नगर क्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने रणनिति लिईने छ ।
- जलधार क्षेत्रको खेर गईरहेको सतही मुलको पहिचान गरि पिउने पानीका लागि समुदाय स्तरमा टयाङ्की निमार्ण गरि पानी संकलन तथा पानी वितरणको. कार्यलाई सामुदायिक स्वामित्वमा सँचालन गरिने छ ।
- **चालु** रहेका खानेपानि आयोजनालाई यथाशिघ्र रुपमा संचालन गरिने छ ।
- फोहेरको उत्पादन स्रोतमा नै वर्गिकरण गरि व्यवस्थापन र **फोहोरलाई मोहरमा रुपान्तरण** गर्दै उर्जा र जैविक मल उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्न लागत साझदारी र समन्वय गरिने छ ।

- ❖ नगर क्षेत्र भित्रका सार्वजनिक स्थान / चौकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।
- ❖ प्रत्येक वर्ष खानेपानीमा आर्सेनिक, आइरन तथा कोलिफर्म जाँचको व्यवस्था मिलाईनेछ ।
- ❖ वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिन सम्भावनालाई मध्यनजर गदै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधीका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४) <u>युवा ,खेलकुद तथा मनोरञ्जन</u>

**“ हामी खेल्छौ, स्वस्थ्य बन्छौ, औरहीलाई चिनाउँछौ ”**

- ❖ **नगर खेलकुद विकास समिति** गठन गरि नगर क्षेत्रभित्र खेलकुदको सर्वाङगीण विकासका लागि कार्यविधि तयार गरि यथासिघ्र कार्यान्वयन गरिने छ ।
- ❖ **रंगशाला निर्माणको** सम्भाब्यता अध्ययन तथा निमार्णको पहल गरिने छ  साथै कबड हल निर्माणकाको कार्य अगाडी बढाइने छ ।
- ❖ नगर क्षेत्रमा रहेका खुल्ला सार्वजनिक परती तथा नदी उकासका आसपासका क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुमा **खेलकुद मैदान, बाल उद्यान, योग साधाना तथा व्यायाम** गर्न योग्य पूर्वाधारको निर्माण र सञ्चालन सार्वजनिक नीजि साझेदारीमा व्यवस्थापन गर्ने नीति लिइने छ ।
- ❖ युवालाई उत्पादन, सहकारी, क्षमता विकास, सामाजिक नेतृत्व र सिपमुलक तालिमद्धारा दक्षता विकासको नीति लिइनेछ ।
- ❖ कोभिड १९ को रोकथाम, विपत्त व्यवस्थापन र मानवीय सेवामा संघ र प्रदेश सरकार सँग सहकार्य गरि राष्ट्रिय युवा परिषद, नेपाल स्काउट, तथा शैक्षिक संस्था लगायतका माध्यमबाट युवा परिचालन गरिने छ ।
- ❖ वैदेशिक रोजगारबाट फकेका र फर्कन सक्ने युवाको तथ्याङक संकलन गरि कृषि, पर्यटन, उद्योग, व्यापार, जेडिबुटी खेती, पशुपालनको कार्यमा लगानीको वातावरण सिर्जना गरि रोजगारी उपलब्ध गराउने ।
- ❖ यस नगरपालिकाभित्रका सबै विद्यालयमा खेलकुल सामाग्री वितरण तथा खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ, साथै कम्तिमा वर्षमा १ पटक नगरस्तरिय **औरही नगर कप** लगायतका खेलकुल प्रतियोगिता सञ्चालन गरिने छ ।

५) <u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण ( लक्षित वर्ग समेत)</u>

नेपालको संविधानले लैंगिक विभेदको अन्त्य गदै पछाडी परेका वा पारिएका वर्ग तथा समुदाय जस्तै दलित, आदिवासी, जनजाति, पिछडावर्ग, अपाङता भएका व्यक्ति, लैंगिङक तथा यौनिक अल्पसङख्यक, किसान वर्ग, श्रमिक, जेष्ठ नागरिक, मधेसी, मुस्लीम,  लगायतलाई राज्यको सबै निकायमा समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन, अवसर र लाभमा समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

नोवेल कोरना भाइरसका कारण जेष्ठ नागरिक, बालबालिका तथा अपाङगता भएका व्यक्तिको संरक्षण र रोग सँग लड्न सक्ने प्रतिरोधी क्षमता विकासका लागि संघ र प्रदेश सरकार सँग समन्वय गरि आवश्यक व्यवस्था गरिने छ ।

५.१) <u>महिला</u>

- ❖ नोवेल कारोना भाइरसको असहज परिस्थितिका कारण बढी जोखिममा परेका महिला,बालबालिका तथा जेष्ठनागरिक भएका व्यक्तिलाई थप सुरक्षा तथा संरक्षण हुने कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, शोषण, अन्याय, विभेद, तथा हिंसाको अन्त्य गरि औरही न.पा.लाई **महिला हिंसारहित नगरपालि** को रुपमा स्थापित गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ महिलामाथि हुने लैंगिक विभेद, बालविवाह, अनमेल बिवाह, दाइजो प्रथा जस्ता सामाजिक समस्याको न्युनीकरण गर्ने कार्य प्रत्येक वडाबाट सुरु गरिने छ ।
- ❖ महिला स्वास्थ स्वयम सेविकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरिने छ ।

- ❖ महिलाको आर्थिक, सामाजिक, लगायत सबै अधिकार हासिल गर्न **उपमेयर महिला उत्थान कार्यक्रम** सञ्चालन गर्न आवश्यक व्यवस्था गरिने छ ।

## ५..२ बालबालिका

- ❖ बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरि सदाका बालश्रम अन्त्य गर्दै बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारिरीक र मानसिक विकासका लागि बाल उद्यान एवम पुस्तकालय निर्माण गरिने छ ।
- ❖ बालशोषण, बालबिवाह, बालहिंसा, न्युनिकरण गर्न कानूनको प्रभावकारी कार्यन्वयन गर्दै **बालमैत्री स्थानीय शासन** सञ्चालन गरिने छ ।
- ❖ बाल बचाउ, बाल संरक्षण, बालबिकास र बालबालिकाको निणर्य प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउन नगरले आवश्यक नीति लिइने छ ।
- ❖ बालमैत्री विद्यालय, बालमैत्री शिक्षण शिकाई विकासको लागि विद्यालयलाई सहयोग गर्ने, बाल कलब र बाल सञ्जाल मार्फत बालबालिकाको चेतना अभिबृद्धि गर्ने ।
- ❖ **बालबालिका भोलीका कर्णदार मात्र नभएर आजका साझेदार** हुन भन्ने नीति अवलम्बन गरिने छ ।

## ५.३ जेष्ठनागरिक

- ❖ एकल, शारिरीक र मानसिक रुपमा अशक्त, असहाय, र आफ्नो परिवार वा संरक्षक नभएका जेष्ठ नागरिका लागि औषधि उपचारमा सहयोग तथा संरक्षणको नीति लिइने छ ।
- ❖ बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिने छ तथा ८० वर्ष उमेर नागेका जेष्ठ नागरिकलाई जनप्रतिनिधिद्धारा बैंक मार्फत भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- ❖ जेष्ठ नागरिकको अभिलेख संकलन र परिचयपत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित बनाइने छ ।
- ❖ हरेक वर्ष जेष्ठ नागरिकका दिन यस नगरपालिका क्षेत्रमा रहेका सबैभन्दा जेष्ठ महिला र पुरुष नागरिकलाई जेष्ठ नागरिक  घोषणा तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

## ५.४ दलित समुदाय

- ❖ जातिय छुवाछुत एवम भेदभाव विरुद्धको कानूनलाई कडाइका साथ लागु गरिने छ ।
- ❖ यस नगर क्षेत्रभित्र छुवाछुत, जातिय भेदभावलाई उल्मुन गर्नेको निमित्त **दलितको आगनमा मेयर** कार्यक्रम तय गरि वस्तुनिष्ठ रुपमा कार्यान्वयन गरिने छ ।
- ❖ जातिय भेदभाव र उत्पीडनका विरुद्ध समानता,बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ दलित समुदायको सशक्तिकरण, क्षमता विकास गर्दै परम्परागत सिपलाई आधुनिकीकरण गरी उद्योगको विकास गर्ने नीति लिइने छ ।
- ❖ विपन्न दलित बस्ती पहिचान गरि नमुना बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ ।

## ५.५ आदिबासी जनजाति

- ❖ आदिबासी जनजातिको भाषा,संकृति संरक्षण गरि परम्परादेखि चलिआएको ज्ञान, सिप, भेषभुषा, लिपि, कलाको जगेर्ना गरि आर्थिक विकासमा संलग्न गर्ने नीति लिइने छ ।
- ❖ आदिबासी जनजातिहरुको नमुना बस्ती विकासको लागि अध्ययन गरिने र आदिवासी जनजाति पुरातात्विक संग्रालय स्थापना गर्ने विशेष पहल गरिने छ ।
- ❖ आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई न.पा. बाट आवश्यक सहयोग गरिने छ ।

## ५.६ अपाङ्ग / अशक्त

**"अपाङ्गलाई सहानुभूति हैन , अपाङ्गमत्री शासन देउ"**

- ❖ फरक क्षमता भएका व्यक्तिको लगत तयार गरि क्षमता पहिचान तथा विकास गर्दै **अपाङ्गलाई माछा हैन बल्छी** दिने नीति अवलम्बन गरिने छ ।
- ❖ हेरक पूर्वाधार निर्माण गर्दा अपाङ्गमत्री बनाउने नीति अवलम्बन गरिने छ ।
- ❖ नगरपालिका बाट प्रवाह हुने सेवाहरुमा अपाङ्गलाई पहिलो प्राथामिकता दिइने छ । जुनसुकै प्रकारका सिफारिस गर्दा वा व्यसाय दर्ता वा नवीकरण गर्दा लाग्ने राजश्वमा १० % छुट लिने नीतिमा निरन्तरता दिइने छ ।

**५.७ सास्कृतिक सम्पदा**

- ❖ सभ्यता हाम्रो परिचय र संकृति हाम्रो पहिचान भन्ने नारा आत्मसाथ गर्दै सबै भाषा धर्म, संस्कृतिको संरक्षण, सम्वर्धन र विकास गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
- ❖ स्थानीय सबै धर्म, परम्परा र मोलिक संस्कृतिलाई संरक्षण र सम्वर्धन गरिने छ । साथै परम्परागत रुपमा चलिआएका श्रीकृष्ण जन्मअष्ठमी, दशैं, दिपावली, छट, रमजान, अखाडी पुजा र पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्धन गरिने छ ।
- ❖ नगरभित्र रहेका धर्म,मठ,मन्दिर,गम्बा,चर्च, मस्जितको अभिलेख तयार गरि मर्मत, सम्भार, सुधार तथा सौधयीकरण धार्मिक पर्यटन प्रवर्धनको लागि विशेष जोड दिने ।
- ❖ समाजमा रहेका कला, प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालिगढ तथा स्तम्भकारको राय सुझावको आधारमा कला साहित्य र सास्कृतिको प्रर्वधन हुन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

**५.८ गैर सरकारी संस्था**

- ❖ नगरपालिकामा सञ्चालन हुने गैरसरकारी संघसस्थाले न.पा. को अनिवार्य अनुमति पश्चात आफ्नो कार्यक्षेत्र तय गरि सामुदायिक क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइने छ ।
- ❖ संघसस्थाको गठन, दर्ता र नवीकरण सञ्चालनको लागि सो सँग सम्बन्धित कानुन निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।
- ❖ विदेशी दातृ निकाय मार्फत अुनदान प्राप्त NGO, INGO एवम व्यापारिक संघ सस्था तथा अन्य संस्थाहरुले नगरपालिकाले प्राथामिकीकरण गरेका क्षेत्रहरुमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ नगर क्षेत्रमा क्रियाशिल सबै सहकारी संघ सस्थाले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजना सञ्चालन गर्दा नेपाल सरकारको प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृती प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना सञ्चालन गर्न दिइने नीतिलाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ ।

**५.९ पञ्जिकरण तथा सामाजिक सुरक्षा**

आधुनिक प्रविधीमार्फत व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, धर्मपुत्र, धर्मपुत्री, ) अभिलेख व्यवस्थापन गरिने छ । साथै पञ्जिकरण र सामाजिक सुरक्षालाई अन्लाइन अभिलेख राखिने छ तथा सामाजिक सुरक्षा वितरणमा बैंकिङ प्रणालीको नीतिलाई निरन्तरता दिइने छ ।

**ग) पूर्वाधार विकास**

**१) सडक तथा भौतिक निर्माण**

- ➢ नगरस्तरिय सडक गुरुयोजना जारी गरिने छ । साथै उक्त गुरुयोजनामा निदिष्ट गरिएका सबै सडकहरुको Right of way ( ROW) निर्धारण गरि त्यसको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- ➢ सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
- ➢ औरही नगरपालिकामा बसोबास गर्ने आम नागरिकलाई रणनीतिक रुपले सडक आवागमन सँग जोड्नको लागि चक्रपथ लगायत सडक सञ्जाल निर्माणका लागि आवश्यक नीति अवलम्बन गरिने छ ।
- ➢ स्थानीय सार्वजनिक यातायात बस, ट्याक्सी, टयम्पो लगायतको रुट निर्धारण, अनुमति नवीकरण, खोरेजी ,सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन गरिने छ ।
- ➢ हरित र वातावरणमैत्री सडक निमार्णलाई अगाडी बढाइने छ ।

- बजार क्षेत्रमा सडक विस्तार, ढलान र कालोपत्रे गर्ने नीति लिइने छ ।
- कार्यलयदेखि वडा केन्द्रसम्म पुग्ने सडक सञ्जाल निर्माण, विस्तार तथा स्तरउन्नति गरिने छ ।
- निर्माण कम्पनीहरुद्धारा नगरपालिकाभित्र निर्माणाधिन केन्द्रीय र क्षेत्रीय सडकहरुको नियमन र अनुगन कार्यलाई प्रभावकारी बनाइने छ ।
- संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी आगमी ५ वर्षभित्र सबै टोल र बस्तीमा सडक ढलान कार्यलाई उच्च प्राथामिकतामा राखिने छ ।
- अपाङ्ग र लैंगिकमैत्री यातायातको प्रबर्द्धन र विकास गरिने छ ।
- उपभोक्ता समितिको क्षमता, कार्यकुशलता अभिबृद्धि गर्न अभिमुखि कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिकाबाट निर्माण गरिएका भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष स्थापना गरिने छ ।
- नगरपालिकाको स्वामित्वमा रहने गरि नगरभित्रका नगर यातायात व्यवस्थापन र सञ्चालन गर्न अध्ययन कार्य अगाडी बढाइने छ ।
- नगरको क्षेत्रभित्र उपयुक्त स्थानमा बसपाक निमाण कार्य अगाडी बढाइने छ ।
- बजार क्षेत्रमा यातायातलाई व्यवस्थित बनाइने आवश्यक नीति अवलम्बन गरिने छ ।
- नेपालको संविधानले समावेशी र समन्यायिक विकास गर्ने नीति अवलम्बन गरे बमोजिम नगरपालिकाका ९आटै वडाहरुको विकासलाई समान प्राथामिकतामा राखिने छ ।
- नगर क्षेत्रमा बनेका सडकमध्ये उत्कृष्ट सडक पहिचान गरि सो सडकमा पार्क उद्यान लगायतका पर्यटकीय आकर्षणका वस्तुहरु निर्माण गरि आन्तरिक र बाह्य पर्यटन आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।

**<u>२) भवन र सहरी विकास</u>**

- ✓ **धुलोरहित सहर, औरहीबासीको रहर** भन्ने मुल नारालाई आत्मसाथ गर्दै स्वच्छ, सुन्दर नहर निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।
- ✓ नगरपालिका गठन हुनुपूर्व निर्माण भएका घरहरुको अभिलेखिकीकरण कार्य यथाशिघ्र सम्पन्न गर्ने नीति लिइने छ ।
- ✓ नगरपालिकाबाट अनुमति नलिई जग्गा जमिन खण्डिकरण प्लटिङ गर्ने तथा भू-संरचना बिगार्ने कार्य पूर्ण रुपमा निषेध गरिने छ ।
- ✓ सहरी विकास र भवन निर्माण आचारसंहितालाई कडाईका साथ लागु गरिने छ ।
- ✓ सरकारी, सार्वजनिक, ऐलानी प्ररर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखिकरण गरिने छ ।
- ✓ भवन निर्माणका लागि अनुमति दिदाँ आफ्नो घर परिसरभित्र अनिवार्य रुपमा कम्तिमा २ ओटा बिरुवा लगाउनु पर्ने व्यवस्था अनिवार्य रुपमा मिलाइने छ । घरभित्रको फोहर व्यवस्थापनको लागि सड्ने र नसड्ने गरि अलग - अलग कन्टेनर राख्नुपर्ने नीति अवलम्बन गरिने छ । घर सम्पन्न प्रमाणपत्र दिदाँ घरको चारै दिशाको फोटो अनिवार्य गरिन
- ✓ **झलमल सहर, औरहीबासी रहर** भन्ने मुल नारालाई स्थापित गर्न सौर्य सडक बत्ती जडान गर्ने कार्यलाई उच्च प्राथामिकता दिइने छ ।
- ✓ नागरिकको अत्यन्तै गुनासोको रुपमा रहेको घर नक्सा पास प्रक्रियालाई सहज र सरलीकृत गर्न Single Gate Way System मा घर नक्सा पास प्रक्रियालाई रुपान्तरण गर्नुका साथै चालु आ.व. भित्रै घर नक्साको सफ्टयरलाई कार्यान्वयन गरिने छ ।
- ✓ नयाँ बन्ने घरहरुमा नेपाल सरकार तोकेको मापदण्ड बमोजिम Hybrid सोलार जडान गर्नु पर्ने नीतिलाई प्रोत्साहन गरिने छ । सो कार्यको उत्प्रेरणाको लागि घरधनीलाई घर नक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइने छ ।
- ✓ यस नगरपालिका भित्र सञ्चालन हुने आयोजना र सो सञ्चालन गर्ने उपभोक्ता समितिले आयोजना स्थलमा होडिङ बोर्ड राख्ने नीतिलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

- ✓ नगर क्षेत्रमा घरधनीहरुले निर्माण सम्पन्न प्रमाण पत्र लिई सकेपछि मापदण्ड विपरित तला थप्ने कार्यलाई कानून बमोजिम निरुत्साहित गरिने नीति लिइने छ ।

**३) सूचना र सञ्चार**

- ✓ सबै बस्तीहरुमा टेलिफोन तथा मोबाइल सेवा, इन्टरनेट सेवा, टेलि सेन्टर, केबल तथा तार रहित टेलिभिजन सेवाको स्थापना विकास र विस्तार गर्दै **डिजिटल औरही निर्माण कार्यक्रम** सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- ✓ १०० मेगाहर्ज सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन कार्यलाई कानून बनाई व्यवस्थित गरिने छ ।
- ✓ युवा सूचना केन्द्रको स्थापना गर्ने कार्यको थालनी गरिने छ ।
- ✓ प्रत्येक वडामा पहुँच पुग्ने गरि छापा माध्यम तथा विद्युतीय माध्यमका सञ्चार सेवा र सञ्चार गृहको स्थापना, स्तरउन्नति र विकासका लागिका पहल गरिने छ ।
- ✓ आफ्नो क्षेत्रभित्रका पत्रप्रक्रिकाको प्रकाशन, अनुमति अभिलेख तथा सोको व्यवस्थापन गरिने छ ।
- ✓ यस नगरपलिकामा भए गरेका काम कार्यहरुको सञ्चार माध्यमबाट चौमासिक रुपमा सार्वजनिकीकरण गरि आम जनतालाई नगर कार्यको विषयमा सुसुचित गराउने नीति लिइने छ ।

**४) भूमि व्यवस्थापन र बस्ती विकास**

- ✓ भू-उपयोग गुरुयोजना जारी गरिने छ । सो योजना अनुसार दिगो विकासमा आधारित आवास क्षेत्र, सार्वजनिक क्षेत्र, वन क्षेत्र, हरियाली क्षेत्र एवं सुरक्षित क्षेत्रको पहिचान गरि एकिकृत नगर विकासको रणनीतिक योजनाको नीति लिइने छ ।
- ✓ सबै गरिब भूमिहिन दलित बस्तीहरुमा सामुदायिक भवन निर्माण गर्ने, भूमिहित सुकुमबासीहरुको लगत संकलन गरि व्यवस्थित बसोबासका लागि आवश्यक पहल गर्ने तथा दलित, लोपोन्मुख, सिमान्तकृत समुदायमा जनता आवास कार्यक्रम बिस्तार गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- ✓ भूमिको उत्पादनशीलता, भूमि व्यवस्थापन, भू-उपयोग तथा वातावरणीय सन्तुलन समेतका आधारमा जग्गाको चक्लाबन्दी गरि उत्पादन र उत्पादकत्व बृद्धि गरिने छ ।
- ✓ एकीकृत बस्ती विकासका पूर्वाधारहरु जस्तै शिक्षा , स्वास्थ्य, खानेपानी, विद्युत, सरसफाई आदी सुविधाको विस्तार र सामुदायिक संस्था निर्माण गर्न सरकारी तथा गैरसरकारी सबै क्षेत्रसँग आवश्यक समन्वय गरिने छ ।
- ✓ जग्गा प्लटिङ्गलाई व्यवस्थित गर्ने, नगरपालिकाबाट जग्गा प्लटिङ्ग योजना स्वीकृत नगराई प्लटिङ्ग गर्न नदिने, नगरपालिकाबाट स्वीकृत जग्गा प्लटिङ्ग योजनाको आधारमा मात्र कित्ता काट गरि नक्सा पासका लागि सम्बन्धित कार्यलयमा सिफारिस गर्ने ।
- ✓ नगर क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी जग्गा परर्ती जग्गाको लगत तयार गरि नगरपालिकाले आर्थिक उत्पादकका लागि उपयोग गर्ने नीति अवलम्बन गरिने छ. ।

**५)ऊर्जा र विद्युतिकरण**

- ✓ नगरभित्रका  सार्वजनिक स्थान, सडक बजार, नगर टोलमा सडक बत्ती जडान गर्ने तथा विद्युतीकरण हुन बाँकी रहेका बस्तीहरुमा विद्युतीकरण गरि **उज्यालो औरही निर्माण** गर्ने नीति लिइने छ ।
- ✓ नगर क्षेत्रभित्रका वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।
- ✓ कषिलाई व्यावसायिकीकरण र निर्यातमूखी बनाउन कृषि विद्युतिकरणलाई खेत खलियान सम्म पहुँच पुग्ने बनाउन **सामुदायिक ग्रामिण विद्युतिकरण**को अवधारणा अवलम्बन गरिने  छ ।

**६) सिँचाई**

- ✓ औरही नगरपालिका भित्र सिँचाई प्रणालीलाई व्यवस्थित गर्न **समृद्ध औरही सिँचाई विशेष कार्यक्रम** सञ्चालन गरिने छ ।

- ✓ नदि, खोला, बाढी एवंम जल उत्पन्न प्रकोप नियन्त्रण गर्न **जनताको तटबन्धन कार्यक्रम** जनताकै सहभागितामा गरिन नीति लिइने छ ।
- ✓ नगरपलिकाभित्रका सबै कृषियोग्य भूमिमा सिँचाइको सुनिश्चिता गर्ने तथा सिँचाइमा सम्बन्धि नीति, कानून, मापदण्ड निर्धारण गरि सिँचाई गुरुयोजनको निर्माण र कार्यान्यिन गरिने छ ।

**७) सार्वजनिक नीति साझेदारी**

वर्तमान विश्व शासन तथा बहुस्तरिय शासनको समयमा सार्वजनिक क्षेत्र मात्रैले आम नागरिकका आकांक्षालाई सम्बोधन गर्न नसक्ने भएकाले यस नगरपालिकाले पनि सार्वजनिक -. .नीजि साझेदारीका आयोजना छनोट र कार्यान्वयनमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता गराई विकास तथा पूर्वाधार निर्माणमा सार्वजनिक -नीति साझेदारीको नीति अवलम्बन गरिने छ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन**

**१) वन तथा वातावरण**

नेपालको संविधानले राज्यको वातावरणमैत्री दिगो सन्तुलित विकासको कल्पना गरेको छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, विपदप्रतिरोधी,व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशिल तथा सुरम्य नगर निमार्ण गर्न देहायका नीति अवलम्बन गरिने छ ।

- **समृद्धिको लागि वन** भन्ने नाराका साथ वन तथा जैविक विविधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथामिकता दिइने छ ।
- सार्वजनिक वन क्षेत्रभित्रका खाली जमिनमा वृक्षारोपण गर्दै लगिने छ ।
- नगरपालिका सबै वडाहरुमा स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम भौतिक विकासबाट वातावरणमा हुन सक्ने जोखिमलाई न्युनिकरण गर्न आवश्यक नीति लिइने छ ।
- प्रकृति, वातावरण वा जैविक विविधतामाथिको नकरात्मक असर न्युन गर्न उपयक्त उपयाहरु अवलम्बन गरिने छ ।
- अन्तरपुस्ता समन्वयको मान्यतालाई आत्मसाथ गर्दै भू-संरक्षण, तटबन्धन व्यवस्थापन, वृक्षारोपण, जैविक विविधताको संरक्षण तथा वनलाई डढेलोबाट जोगाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- नगर क्षेत्रभित्र एक वडा एक उद्यान कार्यक्रम लागू गर्दै लगिने छ ।
- बरुण यन्त्र खरिद प्रक्रियाालाई यथाशिघ्र अगाडी बढाइने छ ।
- वन पैदावार, वन जङगल र वृक्षारोपण सम्बन्धी कार्यक्रम निमार्ण गरि लागु गरिने छ ।
- नीजि घर तथा क्षेत्रमा उद्यान निमार्ण गर्न प्रोत्साहित गर्ने हेतुले घर नक्सा पास गर्दा हरेक घरमा कम्तिमा २ वटा बिरुवा रोप्ने घरधनीलाई नक्सा पास गर्दा १० प्रतिशत गर्ने नीति अवलम्बन गरिने छ ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन तथा वितरण रोपण, प्रबर्द्धन कार्यलाई सरोकारवाला निकायको समन्वय वा सहयोगमा उचित व्यवस्थापन गरिने छ ।
- स्वच्छ तथा स्वथ्य वातावरण र जलाधार तथा वन्यजन्तु सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन र नियमन गरिने छ ।
- **नगर क्षेत्रका सामुदायिक वन उपभोक्ता समितिहरु नगरपालिकामा २०७७ साल श्रावन महिनादेखि सुचिकरण गर्ने व्यवस्था लागु गरिने छ ।**

**२) विपद व्यवस्थापन**

कोभिड १९को संक्रमणका कारण अन्य सम्भावित प्राकृतिक र गैरप्राकृतिक घटनाले अझ बढी सन्त्रास थपेको कठिन घडी छौ । विपद जोखिमका कारण भौतिक, आर्थिक, सामाजिक विकास र प्रगतिमा प्रतिकूल प्रभाव पार्न सक्ने तर्फ नगर सरकार सचेत रहेको छ । संविधानमा विपत्त व्यवस्थापन सम्बन्धी स्थानीय तहको एकल तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची भएकोले तीनै तहको सरकारको भूमिका उत्तिकै महत्वपूर्ण छ भन्ने कुरामा नगर सरकार स्पष्ट छ । जसको व्यवस्थापनको लागि निम्नलिखित नीति अवलम्बन गरिने छ ।

- प्रकोपजन्य जोखिमलाई न्युनिकरण गर्न, विपत्तपूर्व तयारी योजना / स्थानीय विपद जोखिम योजना तर्जुमा गरि **विपदमा मेयर** कार्यक्रम यथाशिघ्र सञ्चालन गरिने छ।
- नगरस्तरिय विपद व्यवस्थापन सम्बन्धी स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरि उद्धार, राहत सामाग्री तथा जनशक्ति परिचालन सम्बन्धी आवश्यक व्यवस्था गरिने छ।
- विपद पिडितलाई तत्काल राहत तथा उद्धार कार्यका लागि स्थानीय तह विपद व्यवस्थापन समिति मार्फत प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण तथा परिचालन गरिने छ।
- विपदपूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ।
- राहत सामाग्रीको आपतकालिन भण्डारण , व्यवस्थित वितरण र समन्वयको कार्यका उच्च प्राथामिकताका साथ अगाडी बढाइने छ।
- संघ, प्रदेश विपद व्यवस्थापन समितिसँग सहकार्य र समन्वय गरि विपद जोखिम न्युनिकरण तथा उत्थानशील र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- विपद प्रभावितहरुलाई सार्वजनिक, नीजि तथा सामुदायिक क्षेत्र समेतको सहकार्यमा सामाजिक संरक्षण प्रदान गर्ने नीति लिइने छ।

**३) फोहोरमैला तथा ढल व्यवस्थापन**

- **नगरबासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध औरही नगर** भन्ने नारा सहित फोहोरमैलालाई व्यवस्थापनका लागि **ल्याण्डफिल्ड साइडको** खोजी गरी उचित व्यवस्थापनको कार्यलाई अगाडी बढाइने छ।
- फोहोरलाई जथाभावी फाल्ने कार्यलाई निरुत्साहित गरि फोहोर संकलन गरि प्राङगारिक मल तथा जैविक ऊर्जा उत्पादन गर्दै **फोहोरलाई मोहर** कार्यलाई साथकता दिइने।
- वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरित प्लास्टिकको विकी वितरण, प्रयोगमा रोक लगाई **प्लाष्टिक रहित नगर** घोषणा गरिने छ र फोहर व्यवस्थापनमा असहयोग गर्ने व्यक्ति तथा संस्थालाई कानुन बमोजिम कारबाहीका लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ।
- बाटो घाटो सार्वजनिक स्थानमा पशुचौपाय बाध्ने, छाड्ने कार्यलाई निरुत्साहित तथा दण्डीत गरिने छ।
- विभिन्न संघ सस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरि बजारलाई सुन्दर र सफा राख्न आवश्यक सरसफाई तथा ढल निकासाको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ।
- नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गर्न आवश्यक अध्ययन तथा पहल गरिने छ।

**ङ) सुशासन तथा संस्थागत विकास**

नगरका हरेक क्रियाकलापालाई व्यवस्थित, उत्तरदायि, जवाफदेहि तथा पारदर्शी बनाउदै सदाचारयुक्त संस्कृतिको विकास गरिने छ। म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताको लागि इमानदार भएर काम गर्ने छु भन्ने प्रतिज्ञा सहितको सुशासन कार्यसंस्कृति प्रबर्द्धन गर्न निम्न नीति अवलम्बन गरिने छ।

**१) मानव संसाधन व्यवस्थापन**

- कर्मचारीको समुचित बन्दोबस्त गरी साङगठनिक उद्देश्य हासिल गर्नका लागि यस नगरको आवश्यकता र क्षमताको आधारमा सांगठनिक संरचनालाई चुस्त दुरुस्त राख्ने नीति अवलम्बन गरिने छ।
- कर्मचारीसँग सम्बन्धित सम्पूर्ण व्यवस्थापकीय कार्यलाई चुस्त दुरुस्त, योजनाबद्ध र प्रभावकारी तुल्याउन आवश्यक व्यवस्था गरिने छ।
- संगठनको आवश्यकता र कार्यप्रकृति अनुसार कर्मचारीको क्षमता विकासको लागि पेशागत व्यावसायिक तालिम सञ्चालन गरिने छ।
- कर्मचारीलाई सेवामा उत्प्ररित बनाउनको निमित्त मौद्रिक र गैरमौद्रिक सुविधा प्रदान गर्ने कार्यलाई उच्च प्राथामिता दिइने छ।
- स्थानीय तहमा कार्यतरत इमान्दार, दक्ष र अनुभवी सेवा करारमा रहेका कर्मचारीलाई औचित्यतता र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिइने नीति लिइने छ।
- कर्मचारीको योग्यता, क्षमता र रुचिका आधारमा जिम्मेवारी हेरफेर गरि Right Man In The Right Place को सिद्धान्तलाई अवलम्बन गर्ने नीति लिइने छ।

**२) संस्थागत क्षमता विकास**

- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणाली लागु गरिने छ । नगरपालिको आफ्नै वेबसाइटबाट नगरको सम्पूर्ण सूचना प्रकाशन व्यवस्था मिलाइने छ ।
- नगरपालिकाका जनप्रतिनिधिहरु सबैलाई लक्षित गरि क्षमता विकासका लागि कम्तिमा वर्षको एक पटक तालिम एवम अध्ययन भ्रमणको प्रबन्ध मिलाइने छ ।
- आगामी दिनमा नगरको प्रशासनिक संरचना ,जनशक्ति, कार्यशैली, कार्यविधि, नवीनतम प्रविधि, ज्ञान सिप र क्षमतामा आधारित नागरिक पहँचमैत्री बनाउँदै लैजाने नीति लिइने छ ।
- नागरिक बडापत्रको कार्यान्वयन, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता सुशासनको औजारहरुको प्रयोग गरि पारदर्शिता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत व्यवस्था मिलाइने छ ।
- आगामी पाँच वर्षमा सबै वडामा E – Governance को अवधारणा अनुरुप कार्यसञ्चालन गर्ने गरि Paperless Governance लाई व्यवहारिक रुपमा क्रमशः प्रयोगमा ल्याइने छ ।

**३) राजश्व परिचालन**

- प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ ।
- करका नयाँ क्षेत्रहरु पहिचान गरि राजश्वको दायरालाई फराकिलो बनाइने छ । कर प्रशासनलाई सरल, सबल र पारदर्शी बनाइने छ । सबै किसिमका आय र व्यवसायलाई यथाशिघ्र करको दायरामा ल्याइने छ । कानून बमोजिम कर भूक्तानी नगर्ने लाई कानूनी कारबाहीको नीति अवलम्बन गरिने छ ।
- करदाताको अभिलेख अद्यावधिक गरिने, नगरपालिकाले प्रवाह गरिने सेवालाई कर र शुल्कमा आबद्ध गरि न्यून आन्तरिक आय वृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- राजश्व परामर्श समितिको सुझावको आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरि करदाता शिक्षा मार्फत नगरबासी कर तिर्न अभिप्ररित गरिने छ ।
- तोकिएको समयमा बढी कर बुझाउने करदातालाई सम्मान गरिने छ ।
- घरबहार कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ ।
- एकीकृत सम्पत्ति कर प्रणालीमा जाने नीति अवलम्बन गरिने छ ।

**४) आन्तरिक, बाह्य लेखापरिक्षण तथा बेरुजु फर्छ्यौट**

- आन्तरिक लेखापरिक्षकबाट लेखापरिक्षण गराई कामकार्यमा भएका गरेका गल्ती, त्रुटी, कमीकमजोरी सुधार गर्दै कार्यसम्पादन गरिने छ ।
- नगरस्तरिय अनुगमन समित गठन गरि नगर क्षेत्रभित्रका सम्पूर्ण गतिविधिलाई अनुगमन गरी कार्य व्यवस्थित गरिने छ ।
- आर्थिक वर्ष व्यत्तित भई सकेपछि नियमितता, मितव्ययिता , कार्यदक्षता, औचित्यता र प्रभावकारिताको आधारमा महालेखा परिक्षक कार्यलयबाट अन्तिम लेखापरिक्षण गराई आर्थिक सुशासन कायम गर्ने नीति लिइने छ ।
- सालबषालि रुपमा रहदै आएको पुरानो बेरुजु फर्छ्यौटलाई प्रभावकारी बनाइने छ ।
- विगतका वर्षहरुमा वित्तिय जोखिम नभएका केवल सैद्धान्तिक र प्रक्रियागत कमीकमजोरीका कारण उठान भएका बेरुजु फरफर्स गर्न प्रतिवेदन नगर सभाबाट स्वीकृत गरिने छ ।
- नगरपालिकाबाट खर्च व्यवस्थापन गर्दा आ.व. समाप्त हुदाँ शुन्य पेश्की र शुन्य बेरुजुको सिद्धान्त व्यवहारमा लागु गरिने नीति छ ।

**५) सार्वजनिक सेवा प्रवाह**

- **जनतासँग जनताको सरकार, छिटो छरितो र सर्वसुलभ सेवा प्राप्त गर्ने नागरिको अधिकार** अवधारणा अनुरुप हरेक महिना एक वडा कार्यालयको अनुगमन गरिने छ । नगरपालिका प्रमुखबाट स्थलगत रुपमा जनप्रतिनिधि र नगरबासीसँग भेटघाट गरि गुनासो सुन्ने कार्यलाई निरन्तरता दिदैं **आम नागरिको मन छुने र मष्तिस्क माथी विजय** प्राप्त गर्ने नीति अवलम्बन गरिने छ ।

- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागिता प्रर्बद्धन गर्दै बिना भेदभाव गर्दै सेवा प्रवाह गर्ने नीति लिइने छ ।
- सार्वजनिक सेवालाई सरकारी निकाय, नीजि क्षेत्र, गैरसरकारी क्षेत्र वा सामुदायिक क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरि नागरिक हित सन्तुष्टि केन्द्रित नीति अवलम्बन गरिने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाउँदै सार्वभौम नागरिकप्रतिको सरकारको जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्न आवश्यक व्यवस्था गरिने छ ।
- राजकीय शक्ति तथा राजश्वको क्षमताका आधारमा लोकतन्त्रका लाभलाई सरल, सहज, सुलभ ढंगले जनताको घरदैलोसम्म उपलब्ध गराइने छ ।
- सार्वजनिक सेवा प्रवाहमा Service with smile and Sigle Gate way system को अवधारणालाई पूर्ण रुपमा कार्यान्यन गरिने छ ।

**६) बैठक व्यवस्थापन**

- नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानूनी परिधिभित्र रहेर हरेक सभाको बैठक व्यवस्थापन व्यवस्थित गरिने छ ।
- कार्यपालिकाको निर्णयहरु विद्युतिय माध्यमबाट अभिलेखिकरण तथा प्रकाशन गरिने छ ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति , कार्यदलको बैठक व्यवस्थापनको चुस्त दुरुस्त र व्यवस्थित गरिने छ ।
- बैठकको मूल्य मान्यता र वरियता समेतलाई मध्यनजर गर्दै बैठकलाई अनुशासित तथा मर्यादित गरिने छ ।

**७) योजना छनौट तथा कार्यान्वयन**

- Buttom to up Approach (तलदखि माथि जाने ) नीति अनुसार बस्ती बस्ती बाट योजना छनौट गरिने छ ।
- योजना छनौट तथा प्राथामिकीकरण गर्दा राष्ट्रिय विकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलता, स्रोत साधनको उपलब्धताको आधारमा नगरबासीलाई प्रत्यक्ष लाभ हुने योजना उच्च प्राथामिता दिइने छ ।
- जनसहभागितामा आधारित योजनालाई उच्च प्राथामितकता दिइने छ ।
- वडास्तरिय साना आयोजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन गरि उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन तथा पुरस्कारको नीति लिइने छ ।
- योजना अनुगमन तथा मूल्याङकन कार्यलाई निरन्तर रुपमा व्यवस्थित गर्दै लगिने छ र नगर क्षेत्रभित्रका ठूला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगरपालिकाबाट अनुमति लिइने व्यवस्था लागु गरिने छ ।

**८) अन्तर निकाय समन्वय**

संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच सहभागिता, समन्वय, सहकारिता र सहअस्तित्वको आधारमा अन्तरसम्बन्ध अगाडी बढाउने नीति लिइने छ । जिल्ला समन्वय समिति, वडा तहको सम्पर्क, समन्वय, पत्राचार, शिष्टता लगायतका विषयमा व्यवस्थित कार्यविधि अपनाइने छ साथै आवश्यकता र सम्भाब्यताका आधारमा वैदेशिक मुलुकका नगरपालिकासँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्न **औरहीसँग भगिनी सम्बन्ध** कायम गरिने छ ।

**च) कानून तथा न्याय**

**१) नगर प्रहरी**

- नेपालको संविधान २२६को अधिनमा रही नगर प्रहरी ऐन नियम बनाई नगर प्रहरीलाई सक्रिय बनाइने छ ।
- स्थानीय तह सञ्चालन कार्यविधि अनुसार नगरको शान्ति सुरक्षा र जनसेवाको कार्यलाई व्यवस्थित गर्न नगर प्रहरी गठन प्रक्रिया अगाडी बढाइने छ । यसरी गठन गरिने नगर प्रहरीको काम कर्त्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ उपदफा २ ( क ) बमोजिम हुनेछ ।
- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरी सञ्चालन र व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गरिने छ ।

**२) न्याय कानून मानव अधिकार प्रबर्द्धन**

- संविधानमा उल्लेखित सबै संवैधानिक व्यवस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानुन तथा कार्यविधिहरुको मातहतमा रहि कार्यान्वयन गरिने छ ।
- न्यायिक समितिको सचिवालय व्यवस्थापन गरि न्याय, कानून, मानवअधिकार, प्रबर्द्धन तथा मेलमिलाप र मध्यस्थतता, निर्माण तथा फैसला कार्यान्वयनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइने छ ।
- न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण, प्रबर्द्धन गर्दै व्यक्तिगत र समुहबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई कार्यान्वयनको सुरुवात गर्दै सामाजिक सद्भाव कायम गरिने छ ।
- कानून विपरित स्थापना भएका उद्योग कलकारखाना, प्राकृतिक सम्पदाको दोहन गर्नेलाई कानूनी दायरामा ल्याइने छ ।
- असहाय र असमर्थ पक्षलाई कानून बमोजिम निशूल्क कानूनी परामर्श तथा सहायता उपलब्ध गराइने छ ।

**३) विधायन**

- कार्यपालिका तथा सभामा पेश गनु पर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदा निर्माणको तयारी गर्दै सरोकारवाला सँग राय ,सुझाव तथा सल्लाह लिई अन्तिम तयारी गरिने छ ।
- नीति, कानूनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यबस्थित गरिने छ ।

**४) विविध**

- नगरपालिकाको कार्यलय भवन तथा वडा कार्यलयको कार्यलय भवन( नभएको वडाको लागि ) नगरपालिका भित्र भवन निर्माणको लागि जग्गा पहिचान गरि थालनीको लागि प्रकृया अपनाईने छ ।
- नगरपालिकाका विरुद्धमा विभिन्न क्षेत्रबाट अदालतमा उजुरी पर्न सक्ने सम्भावना तथा न्यायिक कार्यलाई व्यवस्थित गर्न र कानूनि परामर्श को लागि परामर्श वा करारमा १ जना कानूनी सल्लाहाकारको नियुक्ती गरिने छ ।
- GSI र डिजिटल हाउस नम्वरिङ्ग प्रणालीलाई क्रमश कार्यन्वयनमा ल्याउने नीति अवलम्वन गरिने छ ।
- औरही नगरपालिकाको आफनै एप्स बनाई नगरपालिकाले संचालन गर्ने विभिन्न विविध गतिविधिहरु सार्वजनिक गर्ने नीति अवलम्वन गरिने छ ।

**सम्मानित नगरसभाका सदस्य ज्यूहरु**

मैले प्रस्तुत गरेको आगामि आ.व. २०७७/२०७८ को नीति तथा कार्यक्रमको कार्यन्वयनबाट कोरोनाको संक्रमण लगायत सवै प्रकारका रोगबाट नागरिकको जिवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृण र सवल हुने, श्रम शक्तिलाई काम तथा रोजगारि सुनिश्चित हुने र औरही वासी नागरिकले औरही सरकार मार्फत सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने व्यवस्थाबाट समुन्नत, सभ्य, सुसस्कृत र न्यायपूर्ण समाज निर्माणमा महत्व पूर्ण योगदान पुग्नेमा मैले अपेक्षा गरेको छु । साथै कोभिड १९ को कारण मृत्तक नागरिक प्रति हार्दिक समवेदना व्यक्त गर्दछु तथा यस महामारीबाट संक्रमीत नागरिकको शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु । अत्यमा नगरभित्र र वाहिर रहनु भएका सवै नेपाली दिदि, बहिनी तथा दाजुभाईलाई कोभिड १९ को जोखिमबाट सुरक्षित रहदै सवल, समृद्ध, न्यायपुर्ण नगरपालिका निमार्णमा योगदान गर्न आह्वान गर्दछु । अव म आ.व. ०७७/०७८ को लागि नगर स्तरीय योजनाहरु, वडा स्तरीय योजनाहरु सहित आय व्ययको विवरण (वजेट) प्रस्तुत गर्न गई रहेको छु ।

**प्रस्तुकर्ता**
सुनिल कुमार यादव
नगर प्रमुख
औरही नगरपालिका

# <u>औरही नगरपालिकाको विनियोजन ऐन</u>

## औरही नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति: २०७७।०३।३१

**<u>प्रस्तावना:</u>**.औरही नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम औरही नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** **(१)**यस ऐनको नाम "औरही नगरपालिकाको विनियोजन ऐन,२०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त औरही नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,२०,००,०००।- (अक्षेरुपी छयालिस करोड बिस लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u>** **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त औरही नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिनआएमा औरही नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवाभुक्तानी खर्च र व्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवाभुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । चालुतर्फ बचत रकमलाई पुँजिगत तर्फको अत्यावस्क शिर्षकमा जति पनि रकम रकमान्तर गरी पुँजिगतको लक्ष्य हासिल गर्न भने बाधा पर्ने छैन ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा औरही नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगरकार्यपालिका | १९१९०९.९३ | २७००९१ | - | ४६२०००.९३ |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | - | - |

# स्थानीय तहको आर्थिक ऐन,२०७७

## औरही नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**ः औरही नगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छैठौं नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७/२०७८ " रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि औरही नगरपालिका क्षेत्रमा लागू हुनेछ

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र बमोजिम सम्पत्ति कर/घरजग्गा करका सम्बन्धमा व्यक्तिको स्वयं घोषणको रकमको ५ % कर लगाइने छ।

३. **भूमि कर (मालपोत)** औरही नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** औरही नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** औरही नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **कवाडी र जीवजन्तु करः** औरही नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** औरही नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** औरही नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** औरही नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा सोही सुचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुरः** औरही नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (६) **र ६ (क)** dffdff मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि औरही नगरपालिकाले तोके अनुसार हुने छ ।

१३. cGo c **अन्य व्यवस्था : अनुसूची ७ मा उल्लेख भए अनुशार हुनेछ ।**

## अनुसूची १

(दफा ३ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

| क्र.सं. | विवरण | बार्षिक रु |
|---|---|---|
| १ | **घडेरी योग्य जमिन ग्रामिणमा प्रति धुरको**<br>**घडेरी योग्य जमिन बजारमा प्रति धुरको** | **२**<br>**५** |
| **२** | **खेतीयोग्य जमिन प्रति कठ्ठा** | **४** |

# अनुसूची २

(दफा ४ संग सम्बन्धित)

## घरवहाल कर

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

# अनुसूची ३

(दफा ५ संग सम्बन्धित)

## व्यवसाय कर

व्यवसाय कर निम्न अनुसार लिईनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटेल,लज,रेष्टुरेन्ट<br>● लज तथा खाना भएको होटेललाई (क)<br>● लज मात्र भएको लजलाई (ख)<br>● साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>● चिया र खाजा पसल (ग)<br>● खाना, खाजा पसल (मदिरा सहित) (ख) | २००० | १००० | ५०० |
| २ | मासू पसल | १५०० | | |
| ३ | मदिरा पसल<br>● ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>● ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १५०० | १००० | |
| ५ | सून चांदी गहना पसल | १५०० | | |
| ६ | रेडियो,मोवाईल विक्री तथा मर्मत | १५०० | | |
| ७ | संचार सेवा<br>● एफ.एम. प्रसारण (क)<br>● केबुल च्यानल प्रसारण (क)<br>● पत्र पत्रिका प्रकाशन, फोटोकपि पि.सि.ओ. तथा साइबर संचालन (ख) | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | घडि विक्री तथा मर्मत | २०० | | |
| ९ | केवल टि.भि.सेवा | २००० | | |
| १० | फोटो स्टूडियो<br>● कलर ल्यावलाई (क)<br>● फोटो स्टूडियोलाई (ख) | १५०० | १००० | |
| ११ | हजाम | ४०० | | |
| १२ | टेलरिंग | ४०० | | |
| १३ | जूत्ता पसल<br>● जूत्ता सिलाई र बेच्नेलाई (क) | १००० | | |
| १४ | मोटर वर्कशप<br>● गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>● सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>● सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>● गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>● मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | २००० | १२०० | ७०० |
| १५ | छापाखाना<br>● अपसेट प्रेसलाई (क)<br>● साधारण प्रेसलाई (ख) | २००० | १००० | |
| १६ | स्वास्थ्य सेवा<br>● निजि अस्पताललाई (क)<br>● पोली क्लिनीकलाई (ख)<br>● थोक मेडिकललाई (ख)<br>● मेडिकललाई (ग) | २००० | १५०० | १००० |
| १७ | मेटल वर्कशप | १००० | | |
| १८ | काष्ठ उद्योग<br>● काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निच र र अरु काठहरुको भयालढोका आदी वनाउनेलाई ( क) | २००० | | |
| १९ | प्रत्येक ईंट्टा भट्ठालाई वार्षिक | | ६५,००० | |
| २० | कम्प्युटर ईन्ष्टिच्युट | १००० | | |
| २१ | दाउरा डिपो | ८०० | | |
| २२ | पान पसल | ३०० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>● उद्योगलाई (क)<br>● पसललाई (ख) | १००० | ८०० | |
| २४ | तरकारी र फलफूल पसल | २५० | | |
| २५ | एग्रोभेट | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | मिलहरु<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ६०० | |
| २७ | डिलर | २००० | | |
| २८ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु.१,२००।०० | ५००० | ३००० | २००० |
| २९ | कपडा , फेन्सी पसल | १५०० | | |
| ३० | खाद्य तथा किराना पसल<br>• थोक बिक्रेता खाद्य तथा किराना पसललाई (क)<br>• मझौला खाद्य तथा किराना पसल (ख)<br>• साना खाद्य तथा किराना पसल (ग) | १५०० | १००० | ५०० |
| ३१ | भाडा पसल<br>• धातू तथा प्लाष्टिकका भाडा तथा सामान बेच्ने लाई (क) | १००० | | |
| ३२ | कस्मेटिक पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ५०० | ३०० | १०० |
| ३३ | कृषि तथा पशुपंक्षी पालन व्यवसाय | ६०० | | |
| ३४ | दन्त क्लिनिक | १००० | | |
| ३५ | हार्डवेयर पसल | २००० | | |
| ३६ | ईलेक्ट्रिक पसल | १५०० | | |
| ३७ | कानूनी फर्म | १००० | | |
| ३८ | साईन वोर्ड पेन्टिङ व्यवसाय | ५०० | | |
| ३९ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ५०० | ३०० | |
| ४० | जडीवूटी खरिद विक्री पसल | १५०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | लेखापरीक्षक फर्म संचालन | १५०० | | |
| ४२ | टेलिभिजन पसल | १००० | | |
| ४३ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | ५००० | २००० | १२०० |
| ४४ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४५ | पशू वधुशाला | १५०० | | |
| ४६ | गैरसरकारी संस्था<br>• अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) क<br>• राष्टिय गैरसरकारी संस्था वा कार्यालय ख | ५००० | २००० | |
| ४७ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाकोशाखा कार्यालय (क)<br>• आइ.एम.इ सेवा संचालन (क)<br>• □ण तथा बचत सहकारी संस्था (ख) | ५००० | १००० | |
| ४८ | निजी स्कुल<br>• १० कक्षा सम्म (क)<br>• ५ कक्षा सम्म (ख)<br>• ३ कक्षा सम्म (ग) | ५००० | २००० | १००० |
| ४९ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | २००० | १००० | |
| ५० | चस्मा पसल | ५०० | | |
| ५१ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५२ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५३ | दूग्घ डिपो,पसल | ५०० | | |
| ५४ | व्यूटि पार्लर र ड्राइ क्लिनर्स | १००० | | |
| ५५ | सप्लायर्स | १५०० | | |
| ५६ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | ५००० | | |
| ५७ | जग्गा विकास,हाउजिंङ | ५००० | | |
| ५८ | म्यानपावर सेवा | १५०० | | |
| ५९ | क्याटेरिङ सेवा | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| ६० | बिशेषज्ञ, परामर्श तथा अन्य व्यवसायी सेवा | १५०० | | |
| ६१ | मार्वल  टायर पसल | २००० | | |
| ६२ | सवारी साधनको शो रुम<br>• गाडीको शोरुम (क)<br>• मोटरसाईकलको शोरुम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरुम (ग) | ५००० | ३००० | २००० |
| ६३ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय,सेवा आदीहरुमा स्थानीय सरकार संचालन ऐन बमोजिमको स्थानीय सरकार तथा सभाको निर्णय बमोजिम हुने | | | |
| ६४ | ग्रील उद्योग | ३००० | | |
| ६५ | घरेलु कुटिर उद्योग | १००० | | |
| ६६ | सिरक डसना वनाउने उद्योग | १००० | | |
| ६७ | उपहार तथा खेलौना पसल | ५०० | | |
| ६८ | नीजि कलेज | ५००० | | |
| ६९ | वनजन्य उद्योग  स मिल | ५००० | | |
| ७० | मिनरल वाटर उद्योग | २००० | | |
| ७१ | हाटबजार कर वार्षिक ठेक्का ( बढीबढाउमा ठेक्का लगाउने ) | | | |
| ७२ | ग्यास डिपो | १००० | | |
| ७३ | कोल्डस्टोर (शितभण्डार) | १००० | | |

**नोट :**

१। **यसमा** डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२। म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।

## अनुसूची ४

(दफा ७ संग सम्बन्धित)

## विज्ञापन कर

**विज्ञापन कर : ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट**

**निर्धारण गरी विज्ञापनकर कर लिने ।**

**(क) साइनवोर्ड प्रति वर्गफिट — रु. ९०।००**

**(ख) होडिंगवोर्ड प्रति वर्गफिट — रु. ७५।००**

**(ग) भित्तेलेखन सटर पेन्टिंग प्रति वर्गफिट — रु. २०।००**

(घ) ब्यानर प्रति  वर्गफिट रु. १००।००

(ङ) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु. ५००।००

(च) डिजिटल बोर्ड प्रति वर्गफिट रु. १००० ।००

## अनुसूची ५

(दफा ८ संग सम्बन्धित)

**मनोरन्जन कर**

**मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग नगरपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जनकर शुल्क लिने ।**

## अनुसूची ६

(दफा १०संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तूर**

सिफारिस दस्तूर : **नगरपालिकावाट उपलव्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।**

| सि.नं. | विवरण | सिफारिस दस्तूर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित | २००।०० |
| २ | धारा विजूली | २००।०० |
| ३ | नाम, थर आदि सच्याउने | २००।०० |
| ४ | जग्गा , मोही नामसारी, जग्गा दर्ता, गूठी, रैकर आदि | १०००।०० |
| ५ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | २५०।०० |
| ६ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ३००।०० |
| ७ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २५०।०० |
| ८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिसतका दरले |
| ९ | रुख काट्नको लागि सिफारिस दिंदा प्रति रुख | ५०।०० |

# अनुसूची ६ (क)

**अन्य दस्तुर :**

**रु.**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मोही लगत कट्टा सिफारीस | १ कट्ठा सम्मको | **१५०।००** | | |
| | | १ कट्ठा भन्दा माथि | **प्रति कट्ठा ५०।००** | | |
| २ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३।०० | | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।०० | | |
| ३ | सरजमिन सिफारीस दस्तुर | | ४००।०० | | |
| ४ | छात्रवृति सिफारीस | | **निशुल्क** | | |
| ५ | विपन्नअसहाय/ विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | | |
| ६ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | | |
| ७ | अस्थाइ बसोबास सिफारीस | | ३००।०० | | |
| ८ | स्थायी बसोबास सिफारीस | | ३००।०० | | |
| ९ | नागरिकता सिफारीस | वंशज | १००।०० | | |
| | | अंगिकृत | १५०।०० | | |
| १० | विद्युत जडान सिफारीस | | **२५०।००** | | |
| ११ | धारा जडान सिफारीस | | **२५०।००** | | |
| १२ | जीवित रहेको सिफारीस | | **निशुल्क** | | |
| १३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | ५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | व्यवसाय बन्द सिफारीस | | ३००।०० | | |
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | ३००।०० | | |
| १६ | व्यापार व्यवसाय नभएको सिफारीस | | ३००।०० | | |
| १७ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | | |
| १८ | नाबालक परिचयपत्र सिफारीस | | ५०।०० | | |
| १९ | चौपाया सम्बन्धी सिफारीस | | २००।०० | | |
| २० | व्यवसाय दर्ता सिफारीस | | ४००।०० | | |
| २१ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० | | |
| २२ | विद्यालय ठाउँसारी सिफारीस | | ५००।०० | | |
| २३ | आन्तरिक बसाइसराइ सिफारीस | | २००।०० | | |
| २४ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।०० | | |
| २५ | व्यक्तिगत विवरण सिफारिस नवीकरण / सिफारीस | | ३००।०० | | |
| २६ | जग्गा दर्ता सिफारीस | | ३००।०० | | |
| २७ | संरक्षक सिफारीस व्यक्तिगत | | २००।०० | | |
| २८ | संरक्षक सिफारीस संस्थागत | | २५०।०० | | |
| २९ | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | २५०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | घर नं. कायम | | १५०।०० | | |
| ३१ | संस्था दर्ता सिफारीस | | ५००।०० | | |
| ३२ | निशुल्क उपचारको सिफारिस | | निशुल्क | | |
| ३३ | सशुल्क उपचारको सिफारिस | | ५०।०० | | |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | ३००।०० | | |
| ३५ | नाता प्रमाणित | | २००।०० | | |
| ३८ | मिलापत्र | | ५००।०० | | |
| ३९ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० | | |
| ४० | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क | | |
| ४१ | जन्ममिति प्रमाणित | | १००।०० | | |
| ४२ | घर पाताल प्रमाणित | | २५०।०० | | |
| ४३ | कागज/ मञ्जुरिनामा प्रमाणित | | २५०।०० | | |
| ४४ | हकवाला वा हकदार प्रमाणित | | ३००।०० | | |
| ४५ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३०।०० | | |
| ४६ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३०।०० | | |
| ४७ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३०।०० | | |
| ४९ | विवाह् दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३०।०० | | |
| ५० | तमसुक प्रमाणित | | २०० | | |
| ५१ | लेखापरीक्षक सूचिकृत | | ५०० | | |
| ५२ | कृषि, पशु तथा अन्य समूह दर्ता | | ५०० | | |
| ५३ | फर्म तथा व्यासाय सूचिकृत | | १५० | | |

**अनुसूची ७ अन्य व्यवस्था**

**योजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।**

**२) यस नगरपालिकावाट गरिने सम्पती मूल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तूरमा थप सत प्रतिशत दस्तुर लिने ।**

**३) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरि कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।**

**विद्युत,टेलिफोन पोल कर :नेपाल विद्यूत प्राधिकरण र नेपाल टेलिकमको नगरपालिका क्षेत्र भित्र विद्यूत र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण पोललाई बार्षिक प्रति पोल रु. २,000.00 र स्थानीय प्रसारणलाई पोललाई वार्षिक रु. ५00।00।**

**यस नगरपालिकामा रहेका कुर्सी प्रतिगोटा रु ५।00 भाडा लिई उपलव्ध गराउने, प्रोजेक्टर मात्र भाडामा लिएमा प्रतिदिन रु ३00 को दरले उपलब्ध गराइनेछ ।**

**<u>घर निर्माण नक्सापास दस्तूर :</u> घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।**

**क) निवेदन फाराम, किताब रु.५00।00 लिने**

**ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रु. २।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रु.0.५0 नक्सापास दस्तुर लिने ।**

**ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रु.५००।०० दस्तुर लिने ।**

**घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००।०० दस्तूर लिने ।**

**ङ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रु. २००।०० र पास भएको नक्साको रु. ३००।०० दस्तूर लिई प्रतिलिपी दिने ।**

**चारकिल्ला र दूई किल्ला प्रमाणित दस्तूर : चारकिल्ला प्रमाणित सिफारिस दिंदा रु. ३००।०० सेवा शूल्क लिने ।**

**घरबाटो प्रमाणित : रु.२००।००**

**निवेदन दस्तूर : तोकिएको बाहेक कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर लिईने छैन ।**

- अन्य छुटफुट शिर्षकमा रु.५० नघटाई कर लिने ।

हजार रु.

| औरही नगरपालिका | | | | | | | बजेट पेश मिति : २०७६।०३।१० गते | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | आन्तरिक श्रोत | राजस्व बाँडफाँडबाट प्राप्त रकम | वितीय समानिकरण अनुदान | सर्सत अनुदान | विशेष र समपुरक अनुदान | आन्तरिक ऋण | कुल बजेट | खर्च प्रस्ताव चालु | खर्च प्रस्ताव पुँजीगत | कैफियत |
| संघ | | ७१९०९.९३ | १०६५०० | १३५००० | २०००० | | ३३४४०९.९३ | १९१९०९.९३ | २७००९१ | |
| प्रदेश | | ३५३१ | ७१६० | ८००० | ५००० | | २३६९१ | | | |
| स्थानीय तह | १०४९०० | | | | | | १०४९०० | | | |
| जम्मा | १०४९०० | ७५४४०.९३ | ११३६६० | १४३००० | २५००० | | ४६२०००.९३ | | | |

## मिति २०७७/०३/१० देखि २०७७/०३/३१ सम्म भएको छैठौं नगरसभाका निर्णयहरु:

१. प्रस्ताव नं. १ अनुशारको आ.व. ०७७/०७८ को नगर प्रमुखबाट प्रस्तुत मिति २०७७/०३/१० गते प्रस्तुत भएको नीति तथा कार्यक्रम पारीत भएको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ अनुशारको आ.व. ०७७/०७८ को नगर प्रमुखबाट २०७७/०३/१० गते प्रस्तुत भएको नगरस्तरीय योजनाहरु, वडास्तरीय योजनाहरु सहितको शशर्त चालु तथा पूजिगत समेतको राजश्व तथा आय व्ययको विवरण (बजेट) पारीत भएको निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ अनुशारको आ.व. ०७७/०७८ को लागि आर्थिक ऐन २०७७ को विधेयक पारीत गरी आर्थिक ऐन २०७७ जारी गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ अनुशारको आ.व. ०७७/०७८ को विनियोजन ऐनको विधेयक पारीत गरी विनियोनज ऐन २०७७ जारी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ अनुशारको आ.व. ०७६/०७७ मा संचालित योजना तथा कार्यक्रमहरु र खर्चको विवरण हेरी भए गरेका कामको विवरण अध्ययन गरी ठिक दुरुस्त मिलेको देखिएकोले पारीत गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ अनुशार यस पालिकाका पोखरीहरुमा माछा ठेक्का लगाउने भनि चौथो नगरसभाबाट निर्णय भए अनुशार ठेक्का लगाउन सूचना प्रकाशित गर्दा ठेक्का नलागेको हुँदा ठेक्काको समय अबधि ३ बर्षबाट बढाएर ५ बर्ष बनाउन उचित हुने र ठेक्का पनि लाग्न सक्ने भएकोले पोखरी ठेक्का सम्बन्धमा निम्नानुशार गर्ने निर्णय पारीत गरियो ।

क) वडा नं. १ को पूर्वारी पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु. १५ पन्ध्र लाख बाट वोलकवोल गराउने ।

ख) वडा नं. २ को वडाकार्यालय छेउको पश्चिमवारी पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु.३५ पैतिस लाख बाट वालकवोल गराउने ।

ग) वडा नं. २ को चेपकटको पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु. २ दुइ लाख बाट वोलकवोल गराउने ।

घ) वडा नं. ७ को माइस्थान पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु १५ पन्ध्र लाख बाट वोलकवोल गराउने ।

ङ) वडा नं. ७ को वावाकुटी पोखरी ५ (पाँच) बर्षको लागी न्यूनतम रु २५०००००।- (पच्चिस लाख) बाट वोलकवोल गराउने ।

च) वडा नं. ८ को भुटन पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु. ७.५ सात लाख पच्चस हजार बाट वोलकवोल गराउने ।

छ) वडा नं. ८ को वाडाकार्यालय छेउको पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु. ७  सात लाख बाट वोलकवोल गराउने।

ज) वडा नं. ९ को महादेवस्थान पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु.२५ पच्चिस लाख बाट वोलकवोल गराउने।

झ) वडा नं. ९ को कडहरवा पोखरी ५ (पाँच) बर्षको लागि न्यूनतम रु.१५ पन्ध्र  बाट वोलकवोल गराउने।

७. प्रस्ताव नं. ७ को विविध बिषयमा छलफल गर्दा निम्नानुसारको निर्णय पारीत गरीयो ।

(क) कार्यपालिका तथा नगरसभाका सम्पूर्ण सदस्यहरुलाई कुनै सेवा सुविधा उपलव्ध गराउन नसकिएको विधमान परीस्थितिमा नगरपालिकाको तर्फबाट प्रत्येक कार्यपालिका बैठक र नगरसभाको बैठकको बैठक भत्ता उपलव्ध गराउने र सबै सदस्यहरुलाई र कर्मचारीहरुलाई एक एक थान राम्रो खालको ब्याग (झोला) र एक एक थान छाता र मोटरसाईकल बाहक कर्मचारीलाई बर्षादी (रेनकोट) उपलव्ध गराउने निर्णय गरीयो ।

छैठौं नगरसभा (बजेट अधिवेशन) मा सम्पूर्ण सदस्य तथा कर्मचारी सहित नगरपालिका परीवारलाई धन्यवाद दिँदै समापन गरीयो ।